आर्थिक वर्ष २०७९/८०

# निति तथा कार्यक्रम २०७९

## के आई सिंह गाउँपालिका

डोटी जिल्ला

सुदुरपश्चिम प्रदेश

२०७९

**सभामा पेश भएको मिति: २०७९।०३।१०**
**प्रस्तुत कर्ता: लोकेन्द्र बहादुर शाही**

**गाउँसभा सदस्य ज्यू,**

१. नेपालको संविधान, २०७२ जारी भए पश्चात दोश्रो स्थानिय तह सदस्य निर्वाचन, २०७९ मा के.आई.सिंह गाउँपालिकाको निर्वाचन निष्पक्ष, स्वतन्त्र, शान्तिपुर्ण, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न भइ निर्वाचित जनप्रतिनिधीहरु समक्ष यो निति तथा कार्यक्रम सम्बोधन गर्न पाउदाँ अत्यन्तै खुसीको अनुभुती गरेको छु ।

२. नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजिविकाका लागी भएका विभिन्न लोकतान्त्रिक जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनहरुको नेतृत्व गर्नु हुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रूपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको महान योगदानको पुन: स्मरण गर्न चाहान्छु ।

३. के.आई.सिंह गाउँपालिकाको स्थानिय तह सदस्य निर्वाचन, २०७९ लाइ सफलताका साथ सम्पन्न गर्न अहम भुमिका निर्वाह गर्ने निर्वाचन आयोग, राजनितिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, सरकारी एवम गैरसरकारी संघसंस्थाहरु,शिक्षक, पत्रकार, बुद्दिजिवी एवम सम्पुर्ण मतदाताहरुलाइ धन्यवाद दिन चाहन्छु ।

४. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को महामारीबाट जनताको जिवनशैली सामान्य बन्दै गइरहेको अवस्थामा सामाजिक, आर्थिक एवम विकाससँग सम्बन्धित गतिविधिहरुमा सुधार आइ जनताको जिवनस्तरमा सुधार आउने अनुमान गरेको छु ।

**गाउँसभा सदस्य ज्यू,**

अब म आ.ब. २०७९।०८० को निति कार्यक्रम तथा बजेटका सिद्दान्तहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु :

५. यस गाउँपालिकासँग उपलब्ध श्रोत साधन र पुजीँको महत्वम परिचालन गरि उत्पादन र उत्पादकत्व बृद्दि गरि स्थानिय जनताको रोजगारी सृजना गरि भारत लगायत अन्य मुलुकमा विदेशिने नागरिकलाइ स्वदेशमा काम गर्ने वातावरणको सृजना गरिनेछ ।

६. नेपालको संविधान, २०७२ को मुल मर्मलाइ आत्मसाथ गर्दै संघ, प्रदेश र स्थानिय तह विच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्दान्तको आधारमा आफ्नो अधिकार क्षेत्रभित्र रहेका क्षेत्रहरुलाइ प्राथमिकिकरण गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, सडक र विद्दुत लगायतका विकासका पुर्वाधारहरुलाइ समेट्ने गरि आगामी बजेट परिलक्षित हुनेछ ।

७. सार्वजनिक खर्चलाइ मितव्ययी एवम यथार्थपरक बनाइ नतिजामुखि बनाइनेछ । कार्यालयको पुजिँगत खर्चमा बढोत्तरी गरि चालु खर्चमा नियन्त्रण गरि वित्तिय सुशासन कायम गरिनेछ ।

८. दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदानमा पुर्याउने योजनालाइ प्राथमिकता दिइ विपदबाट हुन सक्ने जोखिमलाइ न्युनिकरण गरि वातावरणमैत्री विकासमा टेवा पुर्याइनेछ ।

९. कोभिड 19-कोरोना भाइरसबाट परेको प्रभाव एवम महामारीबाट उत्पन्न हुने वा हुनसक्ने जोखिमयुक्त क्षेत्र जस्तै स्वास्थ्य, कृषि,शिक्षा, पशु तथा विपद व्यवस्थापन जस्ता क्षेत्र तर्फ टेवा पुर्याउने योजनाहरुलाइ प्राथमिकता दिइ के.आई.सिंह गाउँपालिकालाइ तरकारीमा आत्मनिर्भर बनाउन बजेट व्यवस्था गरिनेछ ।

१०. भुगोल, जनसंख्या, सामाजिक र आर्थिक अवस्थालाइ मध्येनजगर गरि यस गाउँपालिका भित्रका सबै वडा तहभित्र न्यायोचित, सन्तुलित र पारदर्षिरुपमा बजेट विनियोजनको व्यवस्था गरिनेछ ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

अव, म आर्थिक वर्ष २०७८/०७९ मा घोषित नीति तथा कार्यक्रम अन्तर्गत भएका उपब्धीहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१. विकास तथा सुशासनका लागि कानूनी आधार तयार गर्ने सिलसिलामा आवश्यक नीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधि, आचारसंहिता, मापदण्ड र मार्गदर्शन निर्माण भई कार्यान्वयनमा आएका छन। भने अन्य आवश्यक कार्यविधिहरु निर्माणको चरणमा रहेका छन।

२. संविधानले निर्दिष्ट गरे बमोजिमको सहकारिता, सहअस्तित्व र समन्वयको सिदान्तको आधारमा संघीय र प्रदेश सरकार सँग नीतिगत सामञ्जस्यता, कानून निर्माण, योजना तर्जुमा र समस्या समाधान गर्न हातेमालो गरिदै आईएको छ।

३. यस गाउँपालिकाको ऐतिहाँसिक र साँस्कृतिक धरोहरको  प्रतिक के.आई.सिंह संग्रहालयको भौतिक पुर्वाधार निर्माण सम्पन्न भइसकेको हुदाँ आगामी आर्थिक वर्षमा समुदघाटन गरि यसको ऐतिहाँसिक र साँस्कृतिक महत्व वारे नेपाल भरि प्रचारप्रसार गरिनेछ।

४. वडा नं १ को वडा कार्यालयको भवन र आधारभुत स्वास्थय इकाइको भवन निर्माण कार्य सम्पन्न भई दैनिक प्रयोगमा आई सेवा प्रवाह गर्न थालिएको छ। साथै वडा नं ३ र ०५ को वडा कार्यालय भवन सम्पन्न हुने चरणमा रहेको छ।

५. गाउपालिकाभित्रका सम्पुर्ण वडाहरु सडक सन्जाल बाट जोडिएको छ ।  के आई सिंह गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरु सडक सन्जालको पहुँचमा १२ महिना रहने व्यवस्था मिलाइएको छ।

६. यस गाउँपालिकाका करिब ९५ प्रतिशत जनता विद्युतको सेवाबाट लाभान्वित भैसकेका छन।

७. आ.व २०७७/०७८ मा संघीय सरकारद्धारा  १० शैयाको अस्पताल निर्माण कार्यको लागि यस गाउँपालिकामा  विनियोजन गरेको रकम पूर्ण सदुपयोग गर्न यस गाउँपालिकाले जग्गा प्राप्तिको कार्य सम्पन्न गरी टेण्डरको काम समेत गरिसकेको अवस्था छ। जसले गर्दा आगामी वर्षहरुमा यस गाउँपालिकाबासी हरुले विशेषज्ञ र सर्वसुलभ स्वास्थ्य सेवा पाउने सुनिश्चितता छ।

८. आधारभुत खानेपानि सेवा सुनिश्चित गर्न एक घर एक धारा को अवधारणा बमोजिम देउकाडा, गणेशकाडा, लोली, जारिमभाडी, केदारगाउँ र सिरीगाउ लगायतका क्षेत्रमा खानेपानी विस्तार गरिएको छ।

९. गाउँपालिकाको मूख्य प्रशासनिक भवन निर्माणको लागि टेण्डर भइ टेन्डर स्विकृतीको चरणमा रहेको  छ।

१०. गाउँपालिका अन्तर्गतका स्वास्थ संस्थाहरुबाट प्रदान गरिने स्वास्थ सेवालाई विशेषज्ञ, अत्याधुनिक र सर्वसुलभ बनाई स्वास्थ सेवामा सबै वर्ग र समुदायको सहज पहुँच सुनिश्चित गर्न मेडिकल अधिकृतको नियुक्ति गरि स्वास्थ्य सेवालाई यस गाउँपालिकाले विशेष महत्व र चाँसो दिएको छ। साथै चालु आवमा गेटा आखाँ अस्पतालसँगको समन्वयमा ३ दिने आँखा शिविर कार्यक्रम सन्चालनमा ल्याइएको थियो।

११. झिमेमालिका मा वि मा  कृषि विज्ञान विषय पढिरहेका ५ जना  विद्यार्थीहरु पुर्ण  छात्रवृती प्रदान प्रदान गरिएको छ।

१२. शिक्षा तर्फ कालिका आ.वि. लाइ कक्षा ८ सम्म, मोहन्याल मा वि लाइ कक्षा १० सम्म, भुमिराज मावि र बासुदेवि माविलाइ +२ मा स्तरोन्ती गरिएको छ। शिक्षा तर्फ राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे १ भवन, २ कोठे २ भवन निर्माणको अन्तिम चरणमा रहेका छन। मा वि तहका सबै विद्यालयहरुमा ICT, विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्था गरि शैक्षिक गुणस्तर सुधारमा पहल भएको छ।

१३. गरिब तथा विपन्न परिवारका १३५ परिवारलाइ बाख्रापालन व्यवसायमा उत्प्रेरित गरि ब्राखापालन व्यवसाय सन्चालन गर्ने प्रयास गरिएको छ।

१४. कृषि तर्फ आलु, ओखर, सुन्तला,तरकारी र मकै पकेट क्षेत्रका रुपमा विकास गरि कृषि पकेट क्षेत्रको रुपमा विकास गरिएको छ।

१५. दलितसँग अध्यक्ष कार्यक्रम अन्तर्गत दलित समुदायका ८ जनालाइ ड्राइभिङ तालिम र ४ जनालाइ कोट पाइन्ट सिलाइ तालिम दिइ रोजगारीका लागि पहल गरिएको छ । साथै यस कार्यक्रमबाट दलित तथा जेहेन्दार ३३ जना विद्यार्थीलाइ छात्रवृती प्रदान गरिएको छ ।

**गाउँसभा सदस्य ज्यू,**

अब म आगामी आ.ब. २०७९|०८० को बजेट तथा नीति कार्यक्रम तर्जुमा र प्राथमिकिकरण गर्दा लिईने नीतिगत आधारहरु प्रस्तुत गर्न चाहन्छु :

१. गरिबि न्युनिकरण, रोजगारी सृजना र आयआर्जन वृदीमा प्रत्यक्ष योगदान पुर्याउने योजनाहरु
२. क्रमागत उत्पादनमुलक र छिटो प्रतिफल दिने योजना
३. आन्तरिक राजश्व वृदी र परिचालनमा योगदान पुर्याउने योजना
४. स्थानिय श्रोतसाधन श्रमसिप र प्रविधिमा आधारित योजना
५. सहभागितामुलक योजनाहरु
६. लैङ्गिक समानता सामाजिक समावेशीकरण अभिबृदी हुने योजनाहरु
७. दिगो विकास, वातावरण संरक्षण, जलवायू उत्थानसिलता र विपद् व्यवस्थापनमा योगदान पुर्याउने योजना
८. सेवा प्रवाह संस्थागत क्षमता विकास र सुशासनमा योगदान पुर्याउने योजना
९. स्थानिय संस्कृति र पहिचान झल्कने योजनाहरु
१०. सरकारी सेवाहरु न्यूनतम र समतामुलक रुपमा नागरिकहरु बीच भेदभाव नहुने गरि प्रदान गर्न उपयुक्त मात्रामा स्रोत साधनहरु उपलब्ध गराउन उपयोग पुर्याउने
११. संविधानले निर्देशित गरेका मौलिक हक र राज्यका निर्देशक सिदान्त, नीति तथा दायित्व बमोजिम स्थानीय तहको आर्थिक विकासमा योगदान पुर्याउने
१२. समाजका सबै वर्ग क्षेत्र समुदाय जातजाती अल्पसंख्यक सीमान्तकृत अशक्त र असहायहरुको सशक्तीकरण गर्न स्थानिय तहलाई विकासको मुल प्रवाहमा ल्याउने
१३. चालु आ.ब.मा बजेट विनियोजन भएका र विभिन्न कारणले सम्पन्न हुन नसकेका योजनाहरु
१४. दुर्गम पिछडिएका र पूर्वाधार विकास कम पुगेका क्षेत्रहरु
१५. संघीय तथा प्रदेश सरकारको वार्षिक बजेट तथा नीति कार्यक्रमहरु

गाउँसभा सदस्यज्यूहरु

अब म विषयगत क्षेत्रसँग सम्बन्धित नितिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास सम्बन्धी नीति**

**कृषि:**

१. बिगत दुई वर्ष देखि कोरोना महामारीबाट प्रभावित भई यस गाउँपालिकामा स्वदेश तथा विदेश बाट आएका सम्पूर्ण नागरिकहरु तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन तथा अद्यावधिक गरी **के आई सिंह गाउँपालिकालाइ तरकारीमा आत्मनिर्भर बनाउने कार्यक्रम** सञ्चालन गरिनेछ । जस अन्तर्गत देहाएका कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

क) कृषकहरुलाइ अत्यावश्क पर्ने मलको व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

ख) कृषि उद्यम गर्न चाहने व्यक्तीहरुलाई बिना धितो ऋण तथा सहुलियतपूर्ण ब्याज उपलब्ध गराउन बित्तिय संस्थाहरुसंग आवश्यक सहकार्य तथा समन्वय गरिनेछ ।

ग)  कृषिलाई आर्थिक बृद्धि र रोजगारीको प्रमुख सम्बाहकको रुपमा विकास गरिनेछ । गाउँपालिका क्षेत्रमा बाँझो रहेको कृषि जमिनको उपयोग सम्बन्धी नीतिको तर्जुमा गरी कृषि, अनुसन्धान, यान्त्रिकरण, व्यावसायिकरण र जलवायु अनुकुलन प्रबिधिको प्रबर्दन गरिनेछ ।

घ)  बाँझो रहेको जमिनलाई कृषि कार्यमा उपयोग गर्न तथा टुक्रिएको जमिनको चाक्लाबन्दी गरी व्यवसायिक कृषि कार्यमा प्रयोग गरिनेछ । खाद्यान्न संकटलाई ध्यानमा राखि तत्काल उत्पादन हुने उन्नत नगदेबाली खेतीमा बिउबिजन, मलखाद्य तथा सिचाई योजनाहरुमा अनुदान दिई खाद्य संकट न्युनीकरण गर्न भारत तथा तेस्रो मुलुकबाट फर्किएका युवाहरुलाई प्रोत्साहन गरिनेछ ।

२. बाँझो जमिनमा उत्पादन हुने बालीहरुको पहिचान गरि सम्भावित क्षेत्रहरुमा फलफूल तथा नगदेवाली, मसलावाली, दलहन खेतीलाइ प्राथमिकतामा राखि कार्यक्रम तय गर्ने निति लिइनेछ ।

३. के.आई.सिंह गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरुको प्रकृति, स्वरुप र सम्भावनाका आधारमा समग्र भूमिको उपयोग गर्न *करार, सहकारी र सामुहिक खेती*लाई विशेष प्रोत्साहन गरिनेछ ।

४. प्रमुख कृषि उपज, पशुपन्छीजन्य तथा मत्स्य उत्पादनमा आत्मनिर्भर हुने र उच्च मूल्यका कृषि उपजहरुको निर्यात वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । निर्यातयोग्य उच्च मूल्यका कृषि उपजहरुको खेतीलाई प्रोत्साहन गरिनेछ । *अर्गानिक खेती प्रणाली*लाई प्रोत्साहन र कृषिजन्य उपजको आयातलाई निरुत्साहन गरिनेछ ।

५. कृषिजन्य उपजको भण्डारणका लागि *शीत भण्डारण*को व्यवस्था गर्न आवश्यक नीति अवलम्बन गरिनेछ । कृषि उत्पादनका साधनहरुको उपलब्धता, उत्पादन, सञ्चय, बिक्री वितरण र मूल्यको अनुगमन र नियमन गरिनेछ ।

६. के.आई.सिंह गाउँपालिका क्षेत्रमा कृषि क्षेत्रमा अनुकरणीय योगदान पुर्‍याए वापत वार्षिक रुपमा ***सर्वोत्कृष्ट कृषि व्यवसायी*** **घोषणा** गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।

७. व्यवसायिक रुपमा कृषि पेश अबलम्बन गरि रहेका व्यवसायीहरुको विवरण संकलन गरि परिचयपत्रको व्यवस्था गरिनेछ ।

८. जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी यस गाउँपालिका क्षेत्र भित्र पर्ने औषधीयुक्त जडिबुटीको पहिचान गरि तिनको संरक्षणमा विशेष जोड दिईनेछ ।

९. सुख्खा क्षेत्रमा रिचार्ज पोखरीको अवधारणा लागू गरिनेछ । थोपा सिंचाई तथा फोहोरा सिंचाई, सिमेन्ट पोखरी र प्लाष्टिक पोखरी निर्माण गरी वर्षातको पानी संकलनमा जोड दिइनेछ । आवश्यकताका आधारमा सेति नदि वरिपरि रहेका भुभागहरुमा विद्युत तथा सौर्य उर्जा प्रणालिबाट सिचाईको व्यवस्था गरिनेछ ।

१०. लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिने, यसको लागि ग्रामीण स्तरमा बिउ बैंक स्थापना गर्न आवश्यक नीति तय गरिनेछ ।

११. सहकारी तथा गैर सरकारी क्षेत्रसँग सहकार्य तथा समन्वय गरी यस गाउँपालिकाको वडा नं २,३, ६, ४, ५ र ७ मा कृषि हाटबजार एवम महिलामैत्री बजारको प्रबन्ध गरिनेछ । त्यसको लागि चाहिने जग्गाको प्राप्तिको लागि आवश्यक सहजीकरण गरिनेछ ।

१२. गरीब तथा विपन्न परिवारहरुलाई पहिचान गरी तरकारी खेतीमा अनुदान दिने नीति लिईनेछ ।

१३.	अति विपन्न परिवारहरुको पहिचान एवम लगत संकलन कार्य गरि आयआर्जनमुलक कृयाकलापहरु संचालन गर्न **विपन्न नागरिकसँग गाउँपालिका कार्यक्रम** सन्चालनका लागि बजेट व्यवस्था गरिनेछ।

१४.	भुमिहिन तथा सुकुम्बासीहरुलाइ सामुदायिक बनहरुसँगको साझेदारीमा जग्गा भाडामा लिइ व्यवसायिक खेतिका लागि प्रोत्साहित गर्ने निति लिइनेछ।

**पशुपन्छी:**

१५.	बाख्रापालन व्यवसायलाई प्रोत्साहित गर्न *चरन क्षेत्र*को लागि सम्भावित ठाउँ पहिचान गरी व्यवसायिक बाख्रापालन गर्ने निति लिइनेछ।

१६.	आधुनिक व्यावसायिक कुखुरा, बाख्रा, गाई, भैंसी, बंगुर लगायत अन्य *पशुपंक्षी फर्म*को विकास गर्न जोड दिइनेछ।

१७.	*पशुहरुको आहारा* आपूर्तिको लागि भुइ तथा डालेघाँस खेतिलाइ प्रोत्साहित गर्ने निति अबलम्बन गरिनेछ।

१८.	गाउँपालिका स्तरीय *घुम्ती पशु स्वास्थ्य शिविर* सञ्चालन गर्न आवश्यक कार्यक्रम तय गरिनेछ।

१९.	पशुपालन व्यवसायलाइ मध्येनजर गर्दै पशु स्वास्थ्य तर्फ २ प्रकारका औषधिहरु(जुका र किर्ना/जुम्रा मार्ने) र खोप निशुल्क उपलब्ध गराइनेछ।

२०.	सबै वडाहरुमा पशु स्वास्थ्यलाइ मध्यनजर गर्दै रु. ५० हजारको औषधी खरिद गर्न अक्षय कोषको स्थापना गरिनेछ। उक्त कोषबाट सहुलियत दरमा किसानलाइ आवश्यकता अनुसार औषधी उपलब्ध गराइनेछ।

**सहकारी:**

२१.	***गाउँ गाउँमा सहकारी, घर घरमा रोजगारी'*** भन्ने नारालाई सार्थकता प्रदान गर्न स्थानीय सहकारी ऐन मार्फत र स्थानीय तहमा हस्तान्तरण भईसकेका सहकारी संस्थाहरु, दर्ता हुन आउने संस्थाहरुको सञ्चालन, नवीकरण, नियमन र खारेजी गर्ने निति लिइनेछ।

२२.	स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीलाई *अर्थतन्त्रको एक सबल स्तम्भ*को रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको लक्ष्यमा योगदान पुऱ्याउने नीति अवलम्बन गरिनेछ।

२३.	सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, नीजी क्षेत्र तथा विकास साझेदारहरु बीच *सहकार्य र सहयोग*लाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

२४.	महिला, गरीब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन, दलित तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन *सहकारीको पहुँच अभिवृद्धि* गरिनेछ।

२५.	कृषकहरुलाइ विउविजन, रसायनिक मल लगायतका कृषिसँग सम्बन्धित सामाग्रीहरु वितरण गर्न सहकारीसँग समन्वय गर्ने निति लिइनेछ।

**उद्योग:**

२६.	के.आई.सिंह गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका साना तथा मझौला उद्योगहरुको पहिचान तथा विवरण अद्यावधिक गरि बन्द अवस्थामा रहेका उद्योगको पुनस्थापना तथा रुग्ण अवस्थामा रहेका उद्योगहरुको पुन सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

२७. के.आई.सिंह गाउँपालिकामा प्रचुर मात्रामा सम्भावना रहेको सम्भाव्य उत्पादनलाई व्यवसायीकरण गर्न आगामी आर्थिक वर्षबाट *औद्योगिक ग्राम*को स्थापना गर्न संघिय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

२८. के.आई.सिंह गाउँपालिका भित्र *घरेलु तथा साना उद्योग*को विस्तार गरिनेछ। स्थानीय श्रम सीप, स्रोत र साधनलाई प्रयोग गरी जस्तै अल्लो ढाका, निगालो, बास तथा कपास आदि जस्ता औद्योगिक कच्चा पदार्थको उत्पादन र सोबाट निर्माण हुने डोको पाथो कोठा आदि जस्ता सामग्रीहरुको उत्पादन र निर्यातमा गाउँपालिकाबाट विशेष अनुदानको व्यवस्था गरिनेछ।

**रोजगार प्रवर्द्धन:**

२९. स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ।

३०. वैदेशिक रोजगारीको अनुभव प्राप्त गरी स्वदेश फर्केका मानव संशाधनलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गरिनेछ।

३१. वेरोजगार र विपन्न नागरिकहरुलाई सिपमुलक तालिम दिनका लागि विभिन्न सरोकारबाला निकायहरुसँग समन्वय गरि साझेदारीमा आधारित विभिन्न सिपमुलक तालिमहरु सञ्चालनको लागि आवश्यक पहल गर्ने नीति लिईनेछ।

३२. गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी विभिन्न क्षेत्रहरुमा सीप तथा क्षमतामूलक कार्यक्रमहरु सञ्चालन गर्ने प्रस्तावना पेश भएको खण्डमा उक्त कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरुसँग समन्वय गरेर दोहोरोपन नआउने गरी क्षेत्र निर्धारण गरिनेछ।

३३. वैदेशिक रोजगारबाट (भारत लगातय अन्य मूलुक) आर्जित पूँजी, सीप, अनुभवको प्रयोग गरी स्वदेशमा उद्यमशीलता प्रवर्द्धन क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीलाई प्रोत्साहित गरिनेछ।

३४. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखि स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।

३५. कामको सम्मान, स्वरोजगार, समान कामका लागि समान पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ।

**गरीबी न्यूनीकरण:**

३६. दिगो विकासका लक्ष्यहरु हासिल गर्न विकासका कृयाकलापहरुसँग दिगो विकास लक्ष्यलाइ Tie up गरेर दिगो विकास लक्ष्यहरुको स्थानियकरण गर्ने निति अबलम्बन गरिनेछ।

३७. नेपालको संविधानमा उल्लिखित जनताको मौलिक हक तथा सम्बद्ध नीतिहरुको साथै दीगो विकासका लक्ष्य अनुसार हरेक क्षेत्रमा रहेको सबै स्वरुपहरुको गरिबीको अन्त्य गर्न *आवश्यक रणनीति र कार्यनीति* तथा कार्यक्रमहरु सञ्चालन गर्नेछ।

३८. सामाजिक, आर्थिक र राजनितिक रुपमा पछाडि परेका दलित समुदायहरुको शिक्षा, स्वास्थ्य जस्ता आधारभुत आवश्कताहरु सुनिश्चित गर्न **दलितसँग अध्यक्ष कार्यक्रम** लाइ निरन्तरता दिइएको छ। दलितसँग अध्यक्ष कार्यक्रम अन्तर्गत लोकसेवा / शिक्षक तयारी कक्षा, अति विपन्न सुकुम्बासी दलित समुदायको कम्तिमा

प्रत्येक वडामा १ घर निर्माणका लागि बजेटको व्यवस्था गरिनेछ साथै उक्त घर निर्माणका लागि ७० प्रतिशत रकम गाउँपालिकाबाट र बाँकी ३० प्रतिशत रकम सम्बन्धित उपभोक्ताले व्यहोर्ने व्यवस्था मिलाइनेछ।

३९. गरिबी निवारण तथा सामुदायिक विकासमा संलग्न गैरसरकारी संस्था तथा वैदेशिक सहयोगलाई *एकद्वार प्रणाली* मार्फत गरिबी घटेको परिणाम देखिने कार्यक्रम तय गर्ने नीति के.आई.सिंह गाउँपालिकाले लिनेछ।

४०. विशेष गरेर गरिव र संकटग्रस्त अवस्थामा रहेका महिलाहरु र पुरुषहरुको आर्थिक श्रोतसाधनमा समान अधिकार सुनिश्चित गर्न आधारभूत सेवा सुविधाहरुमा पहुँच, भूमि माथिको स्वामित्व र नियन्त्रण एवं अन्य स्वरुपका सम्पत्ती, पैत्रिक सम्पत्ति, प्राकृतिक श्रोतसाधन, उपयुक्त नयाँ प्रबिधि तथा लघु वित्त लगायतका वित्तिय सेवामा पहुँच सुनिश्चित गर्ने नीति लिईनेछ।

४१. यस के.आई.सिंह गाउँपालिका भित्र रहेका सुकुम्बासी तथा अव्यवस्थित बसोबास गर्ने परिवारहरुको लागत तथा तथ्याङ्क संकलन गरी आवश्यक पर्ने जग्गा उपलब्ध गराउन भुमि आयोगसँग सम्बन्वय गरि जग्गा उपलब्ध गराउने नीति लिईनेछ।

**पर्यटन:**

४२. पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी पर्यटन व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ। यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिम र सहुलियत ऋणका लागि समन्वय गर्ने नीति लिईनेछ।

४३. के.आई.सिंह गाउँपालिकामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरु(छत्रेश्वर-पिलेकाँडा-ओझाखर्क-गणेश काँडा-के.आई.सिंह संग्रहालय) जोड्ने पदमार्ग र छत्रेश्वर पिकनिक स्थललाई थप व्यवस्थित गरि वि. पि. बाटीकाको रुपमा व्यवस्थित गरिनेछ।

४४. के.आई.सिंह गाउँपालिकाको सामाजिक, साँस्कृतिक तथा पर्यटकिय विकासका लागि वडा नं १ मा रहेको गणेशकाँडा क्षेत्रमा होम स्टेको अवधारणालाई सुरुवात गर्न आगामी आर्थिक वर्षमा भौतिक पूर्वाधारको निर्माण गरिनेछ।

४५. यस गाउँपालिका लाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न यहाँ भएका पर्यटकिय स्थल, सम्पदा, सँस्कृति आदिको प्रचारप्रसार गरिनेछ।

४६. डोटी जिल्लाका ऐतिहाँसिक, साँस्कृतिक र पुरातात्विक महत्व बोकेका सम्पदाहरुको खोज, अनुसन्धान र संकलन गरि के.आई.सिंह संग्रहालय लाई आगामी आर्थिक वर्षमा सञ्चालनमा ल्याईने छ।

४७. दिपायल सिलगढी नगरपालिका र बोगटान फुड्सिल गाउँपालिकासँग समन्वयमा सेती नदिमा रयाफ्टीङ्गका लागि सम्भाव्य अध्ययन गर्ने निति लिइनेछ।

**राजस्व:**

४८. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा स्थापना भएका सम्पूर्ण उद्योग तथा व्यावसायहरुलाई दर्ता गरि करको दायरामा ल्याईने छ।

४९. राजश्वका दर, दायरा, संकलन विधि र राजश्वको सदुपयोग वारे आम सर्वसाधारणहरुमा जनचेतना अभिबृद्धि गर्न आवश्यक सचेतनामूलक कार्यक्रम तथा करदाता शिक्षाको सञ्चालन गरिनेछ।

५०. राजश्व संकलन कार्यलाई थप सुदृढिकरण र आधुनिकिकरण गर्दै राजश्व चुहावट लाई पूर्णरुपले नियन्त्रण गरिने छ ।

५१. राजश्व शाखाको संस्थागत सबलिकरण र आधुनिकिकरण गरिनेछ साथै यस शाखामा कार्यरत जनशक्तिको क्षमता विकासको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५२. आन्तरकि राजश्व उठाउन सक्ने क्षमतालाई बृद्धि गर्दै लक्ष्योउन्मुख तुल्याईने छ ।

५३. गाउँपालिका तथा सात वटै वडा कार्यालयहरुमा राजश्व सफ्टवेयरको व्यवस्था गरी राजश्व प्रशासनलाई झन सुदृढ छरितो र प्रभावकारी बनाई राजश्वको दायरा फराकिलो बनाईनेछ ।

**न्यायिक समिति एवम न्याय सम्पादन**

५४. मेलमिलापको माध्यमबाट स्थानीय विवादका विषयहरु निरुपण गर्ने प्रक्रियालाई बढावा दिइनेछ ।

५५. न्यायिक इजलासलाई व्यवस्थित गर्न एक कर्मचारी सहितको न्यायिक इजलास कक्ष गठन गर्दै स्थानीय तहमा न्यायसम्पादनलाई चुस्त, दुरुस्त र अनुमानयोग्य तुल्याउन आवश्यक रणनीति, कार्यनीति अवलम्बन गरिनेछ ।

५६. मेलमिलापकर्ताहरु लाई सूचिकृत गरि प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।

५७. न्यायिक समितिको संस्थागत सुदृढीकरण र न्यायिक समितिमा कार्यरत पदाधिकारी तथा जनशक्तिको क्षमता विकासको लागि आवश्यक नीतिको प्रबन्ध र पुर्नताजगि तालिमको सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**पूर्वाधार विकास**

५८. यस गाउपालिका अन्तर्गतका विभिन्न शाखा सडकहरु मुरेडा-अल्लेवन-लेकगडा सडक, बासुदेवि लेकगडा, बासुदेवि दिपायल र देवस्थलदेखि सलेनासम्मको सडकलाइ बाह्रै महिना सन्चालनमा ल्याउनका लागि सडक मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।

५९. यस गाउपालिकाभित्र रहेका कालोपत्रे सडकहरु वरिपरि वृक्षारोपण गरि हरियाली सडक निर्माणका लागि बजेट व्यवस्था गरिनेछ ।

६०. गाउँपालिका क्षेत्रमा रहेका सडकलाई बर्षातको समयमा निरन्तर मर्मत सम्भार सञ्चालन गर्नका लागि सडक मर्मत सम्भार समूह (Road Maintenance Group) परिचालन गरी सडक मर्मत गरि सडकहरुको मर्मत सम्भार गरिनेछ ।

६१. के.आई.सिंह गाउँपालिकाबाट सञ्चालित खानेपानी, सडक, सिचाईकुलो जस्ता योजनाहरुको संरक्षण एवम सम्बर्दनका लागि बजेट व्यवस्था गरिनेछ ।

६२. चालु आ.ब. २०७८।०७९ मा सम्पन्न हुन नसकेका र अति आवश्यक योजना तथा कार्यक्रमहरुलाइ बजेटमा समेट्ने निति लिइनेछ ।

६३. केन्द्रीय प्रसारण लाईनबाट गाउँपालिकाको सबै वडा तथा टोलहरुमा विद्युत विस्तारका लागि पहल गरिनेछ । आगामी वर्ष सबै वडाका वस्तीहरुमा विद्दुत सेवाको पहुँच सुनिश्चित गरिनेछ ।

६४.	नविकरणिय उर्जा सम्बन्धि निति अनुसार परम्परागत रुपमा प्रयोग भएका उर्जाहरुलाइ प्रतिस्थापन गरेर घरायसी तथा व्यवसायिक प्रयोजनमा  नविकरणीय उर्जाको खपत गर्न नागरिकलाइ प्रोत्साहित गर्न उर्जा नीतिको तर्जुमा गरि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

**खानेपानी व्यवस्थापन**

६५.	गाउँपालिका भरी स्वच्छ, सफा खानेपानीको व्यवस्था गर्न ***एक घर, एक धारा*** खानेपानी उपलब्धताको लागि विकासका साझेदारहरुको सहयोग र समन्वयमा थप कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६६.	खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकता राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जूमा गरिनेछ।

६७.	ऐतिहाँसिक र धार्मिक महत्व बोकेका पुराना ढुङ्गे धाराको जगेर्ना र संरक्षण गर्न ढुङ्गेधारा संरक्षण कार्यक्रम संचालन गरिनेछ।

६८.	निर्माण भइ सन्चालनमा रहेका खानेपानी आयोजनाहरुको संरक्षण र सम्बर्द्धन गर्नुका साथै नयाँ पानिका मूलहरुको पहिचान गरि कार्यान्वयनमा ल्याइने निति अवबलम्बन गरिनेछ। खानेपानीका मूलहरुको संरक्षणका लागि वृक्षारोपण र Recharge पोखरिहरु निर्माण गर्ने कार्यक्रम ल्याइनेछ।

६९.	गाउँपालिकामा निर्माण हुने खानेपानीका संरचनाहरु बालमैत्री र अपांगतामैत्री बनाउदै लगिनेछ।

७०.	खानेपानि र सिचाइ सुविधाको पहुँच नभए क्षेत्रहरु जस्तै नारी तल्कोट दाडीमाटी क्षेत्र, गोदाडा बासुदेवी केदार र बोतडीसैन ब्रह्मदेव बुहार लिफ्टीङ खानेपानी तथा सिचाइ योजनाहरुलाइ कार्यान्वयन गर्न प्राथमिकताका साथ लिइनेछ र  आगामी आर्थिक वर्ष २०७९.०८० मा नारी तल्कोट दाडीमाटी लिफ्टीङ खानेपानी सम्पन्न गरिनेछ र अन्य २ वटा योजनाहरुलाइ सम्पन्न गर्न संघिय सरकार र प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ।

**सूचना तथा सञ्चार प्रविधि**

७१.	विश्व समुदाय सुचना प्रविधिको युगमा प्रवेश गरि सकेको अवस्थामा हाम्रो गाउँपालिकाबाट प्रवाह गरिने सेवाहरुलाइ सुचना प्रविधिमैत्रि बनाउदै राजश्व संकलन, व्यक्तिगत घटना दर्ता र Digital Citizen Charter लगायतका कार्यहरु सन्चालन गर्न आवश्यक बजेट एवम पुर्वाधारको व्यवस्था गरिनेछ।

७२.	जनप्रतिनिधी र कर्मचारीहरुलाइ सुचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

७३.	शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ।

७४.	निजी क्षेत्र समेतको सहभागितामा  मोबाइल एप, दर्ता चलानी सम्बन्धी सफ्टवेयरहरुको निर्माण गरी कार्यालयमा  सञ्चालनमा ल्याई नविनतम सुचना प्रविधि प्रयोगमा ल्याइनेछ।

७५.	डिजिटल नोटिस बोर्ड, LED नोटिस बोर्डको प्रयोग गरी  गाउँपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ।

७६.	स्थानिय सन्चार माध्यहरुलाइ प्रवर्दन गर्न आवश्यक कानुनको व्यवस्था गरि कार्यान्वयनमा ल्याइनेछ।

**सार्वजनिक सहकारी निजी साझेदारी**

७७. के.आई.सिंह गाउँपालिकाले आ.व. २०७९/०८० मा विभिन्न विषयक्षेत्रगत कार्यक्रमहरु सञ्चालन गर्दा सहकारी र निजी, गैर सरकारी तथा अन्य गाउँपालिका वा स्थानीय सरकार सँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ।

**भवन तथा भवन संहिता**

७८. के.आई.सिंह गाउँपालिकामा नयाँ निर्माण हुने भवनहरु भवन आचार संहिता मापदण्ड पुरा गरी गाउँपालिकाबाट अनुमति लिएर निर्माण गर्नु पर्नेछ। अन्यथा के.आई.सिंह गाउँपालिकाबाट उपलब्ध गराइने भवन पूर्वाधार सम्बन्धी सेवा सुविधाबाट बञ्चित गराइनेछ।

७९. के.आई.सिंह गाउँपालिकाबाट दीगो शहरी विकासको लागि भवन निर्माण मापदण्ड लागु गरिनेछ।

८०. भू-कम्पको जोखिमलाई मध्यनजर गरी नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन - २०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजी भवनहरुमा क्रमिक रुपमा लागु गरिनेछ।

**भू-उपयोग**

८१. जमिनको स्वरुप, प्रकृति तथा जलवायुको आधारमा वर्गीकरण गरी भू-उपयोगको वैज्ञानिक नीति अवलम्बन गरिनेछ।

८२. के.आई.सिंह गाउँपालिकाले समग्र भूमिलाई आधारभूत रुपमा कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, धार्मिक वन क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, पर्यटन क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, निर्माण सामाग्री (ढुंडगा, बालुवा गिट्टी) उत्खनन क्षेत्र लगायतका विभिन्न भू-उपयोगका क्षेत्रहरु (Land Use Zone) मा वर्गीकरण गरिनेछ।

८३. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षण सुनिश्चित गरिनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

८४. के.आई.सिंह गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रलाई संरक्षण र संबर्द्धन कार्यक्रम संचालन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गरिनेछ।

८५. के.आई.सिंह गाउँपालकाको क्षेत्रभित्र पर्ने तुस्यार खोला देखि गाउँपालिका सम्म निर्माणाधिन सडकको दाँयावाँया विरुवाहरु रोपि **हरित सडकको अवधारणा** लिईनेछ।

८६. के.आई.सिंह गाउँपालिकाको समृद्धिको लागि वन जंगलको सदुपयोग गर्ने नीति अगाडि बढाइनेछ। वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम अन्तर्गत वनजन्य पदार्थ उत्पादन र सदुपयोग गर्ने कार्यक्रम अघि बढाइनेछ।

८७. के.आई.सिंह गाउँपालिकाभित्र जडिबुटी लगायतका वन पैदावरमा आधारित उद्योग स्थापना गरिनेछ। यस्ता उद्योगमा सरकारी, निजी, सहकारी र समुदायिक साझेदारी रहनेछ।

८८. जैविक विविधता र वातावरणको संरक्षण गरि पृथ्वीको वहन क्षमतालाई बचाई राख्न बनजंगलमा हुने चोरि निकासी कार्यलाई पूर्ण रुपले नियन्त्रण गर्न स्थानीय समुदाय,नेपाल प्रहरी लगायत अन्य सम्बन्धीत पक्षहरु सँग आवश्यक समन्वय र सहजिकरण गरिनेछ ।

८९. सार्वजनिक निर्माणका कार्यहरुलाई दिगो विकास सँग आवद्ध गरि हरित निर्माण र हरित गाउँपालिकाको अवधारणा कार्यान्वयनमा ल्याईनेछ ।

९०. फोहोरमैलाको उत्पादनमा कमी ल्याउने, फोहोरमैलाको पृथकीकरण गर्ने, फोहोरमैला निष्काशन, फोहोरमैला संकलन, फोहोरमैला ढुवानी, फोहोरमैलाको न्यूनीकरण, पुनः प्रयोग, पुनः चक्रण गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।

९१. गाउँपालिका, स्वास्थ्य चौकि र वडा कार्यालयहरु बाट निस्कने फोहरमैलाको उपयुक्त स्थानमा भण्डारण, वर्गिकरण र विसर्जनको व्यवस्था गरिने छ ।

९२. गाउँपालिका क्षेत्रभित्र प्लास्टिकका झोलाको प्रयोगलाई न्यूनिकरण गर्न पुन प्रयोगमा ल्याउन सकिने जस्तै: बोरा, जुट कागज लगायत स्थानीय सामग्रीहरुको उत्पादन गर्ने संस्था अथवा व्यक्ति लाई अनुदान दिने नीति अवलम्बन गरिनेछ ।

९३. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

९४. प्राकृतिक तथा मानव सृजित विपत तथा जोखिमहरुबाट मानव समुदायमा पर्ने प्रभावहरुलाई न्यूनकरण गर्न विपत व्यवस्थापन कोषलाई थप प्रभावकारी बनाई कोषको परिचालन गर्ने निति लिईनेछ ।

९५. विपद् पूर्व तयारी खोज तथा उद्धार राहत सामाग्रीको पूर्व भण्डारण, वितरण र समन्वय गरिनेछ ।

९६. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान गरि उक्त बस्तीहरुका लागि खुला क्षेत्र एवम सुरक्षित क्षेत्रको व्यवस्था प्रत्येक वडाहरुमा गरिनेछ ।

९७. विपतका असरहरुलाई न्यूनिकरण गरी राहत, उद्यार र पुनस्थापनाका कार्यहरुलाई प्रभावकारी बनाउन नागरिक समाज, नीजि क्षेत्र, गैर सरकारी समुदाय तथा अन्य निकाय सँग आवश्यक समन्वय गरिनेछ ।

**सामाजिक विकास समिति**

**शिक्षा**

९८. यस गाउँपालिका भित्र रहेका कृषि तर्फको पढाइ हुने झिमे मालिका माध्यामिक विद्यालयमा के आइ सिंह गाउपालिकामा स्थायी ठेगाना भएका अध्ययनरत विद्यार्थिहरुको मनोवल उच्च राख्न **प्रविधिसँग विद्यार्थि कार्यक्रम** सन्चालन गरि सबै विद्यार्थिलाइ प्राविधिक शिक्षा पढ्न लाग्ने शुल्क मध्ये एकमुष्ट पढाइ अवधीभर रु १७ हजार छात्रवृतीको व्यवस्था मिलाइनेछ ।

९९. शिक्षा क्षेत्रमा रहेका समस्याहरुको पहिचान एवम विशलेषण गर्न के.आई.सिंह गाउँपालिका भित्रका बौद्दिक व्यक्तीहरुको भेला गराइ उक्त क्षेत्रको सुधारका लागि आवश्यक सुझावहरु संकलन गर्न बौद्दिक व्यक्तित्वहरुको भेला गराइ सरोकारवालासँग छलफल गरिनेछ ।

१००. आवश्यकताको पहिचान गरि सामुदायिक एवम सरकारी विद्यालयहरुमा आवश्यक भौतिक पुर्वाधारहरु जस्तै खानेपानी, शौचालय र कक्षा कोठा सजावट एवम व्यवस्थापनका लागि बजेट व्यवस्थापन गरि **विद्यार्थीसँग अध्यक्ष कार्यक्रम** सन्चालन गर्दै नमुना विद्यालयको रुपमा विकास गर्दै लगिनेछ।

१०१. के .आई.सिंह गाउँपालिका वडा नम्बर ०४ प्लेकाँडामा भारतिय राजदुतावासबाट निर्मित भवन निर्माणको कार्य अधुरो रहेको मा उक्त भवनको निर्माण सम्पन्न गरि उक्त विद्यालयमा विपन्न तथा टुहुरा बालबालिकाहरुलाइ आवास सहितको सुविधा सहितको पठनपाठनको व्यवस्था मिलाइनेछ। उक्त स्थानमा वरपर रहेका अन्य सरकारी लगानीमा निर्माण अधुरा रहेका भवनहरुलाइ निर्माण गरि उपयोगमा ल्याइनेछ।

१०२. सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारी, लेखापाल र बालविकास केन्द्रमा कार्यरत सहजकर्ताको मनोवल उच्च राख्दै उचित कार्यवातावरणको व्यवस्था मिलाइनेछ।

१०३. सामुदायिक विद्यालयमा कार्यरत प्र.अ., शिक्षक र लेखापालहरुलाइ लेखा व्यवस्थापन लगायत आवश्यक क्षमता विकास तालिम दिइ शैक्षिक गुणस्तर सुदृढ गर्ने निति अबलम्बन्ध गरिनेछ।

१०४. यस गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकलाइ गुरु दक्षिणा कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

१०५. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ शिक्षा समितिको गठन गरेर शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

१०६. सामूदायिक विद्यालयका विद्यार्थिहरुलाई लक्षित गरि गाउँपालिका स्तरिय हाजिरिजवाफ प्रतियोगिता खेलकूद् तथा अतिरिक्त क्रियाकलाप आयोजना गरिनेछ र त्यसको लागि आवश्यक बजेट विनियोजना गरिनेछ।

१०७. के.आई.सिंह गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा कार्यरत शिक्षक, वालविकास सहजकर्ता लगायतका कर्मचारीहरुलाइ आवश्यकता निर्धारण गरी विभिन्न विद्यालयहरुमा कामकाजमा खटाउन सक्नेछ।

१०८. स्थानीय पाठ्यक्रमको विषयमा यस गाउँपालिकाको आवश्यकतालाई पहिचान गरी मातृभाषा तथा उत्पादनमूलक विषयवस्तुको छनौट गरी स्वरोजगारको वातावरण सृजना गरिनेछ।

१०९. बालविकास केन्द्रमा कार्यरत सहजकर्ताहरुलाइ आवश्यकताका आधारमा पुनरावलोकन गर्ने निति लिइनेछ ।

**स्वास्थ्य**

११०. कोभिड-१९ को महामारिले विगत २ वर्षसम्म स्वास्थ्य क्षेत्र अत्यन्तै जोखिममा रहेको र हाल उक्त जोखिम विस्तारै कम भएको अवस्थामा अझै कोभिड १९ जस्ता महामारीबाट बच्न आवश्यक संस्थागत कानुनी र आर्थिक व्यवस्था गर्दै लगिनेछ। कोभिड १९ को समयमा स्वास्थ्यकर्मीहरुले आफ्नो ज्यानको प्रवाह नगरि अहोरात्र खटिइ सेवा प्रवाह गर्नुभएकोमा धन्यवाद दिन चाहन्छु।

१११. ७० वर्ष माथिका जेष्ठ नागरिक, पूर्ण अपाँगता भएका व्यक्ती र गर्भपति हुन नसकि स्वास्थ्य संस्थाबाट प्रेषण भएका महिलाहरु र कोभिड-१९ बाट संक्रमित व्यक्तिहरुलाई नजिकको अस्पताल सम्म एम्बुलेन्स सेवा शुल्कमा छुट दिईनेछ। यसको लागि आवश्य बजेट विनियोजन गरिनेछ।

११२. कोभिड-१९ विरुद्धको खोप लगाउन छूट भएका नागरिका लागि आवश्यक पर्ने खोप उपलब्ध गराउन संघीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

११३. कमजोर भौतिक पुर्वाधार भइ आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न समस्या भएका बासुदेवी स्वास्थ्य चौकी रानागाउँ स्वास्थ्य चौकी र भुमिरामाण्डौ स्वास्थ्य चौकीहरुको भौतिक पुर्वाधार निर्माणका लागि आवश्यक पहल गरिनेछ।

११४. के.आई.सिंह गाउँपालिकामा स्वास्थ्य बिमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ । राष्ट्रिय बिमा बोर्डबाट स्वास्थ्य बिमा कार्यक्रम सुरु भइसकेपछि स्वास्थ्य बिमाबाट बिमित नहुनेलाई गाउँपालिकाबाट कुनैपनि सहायता प्रदान गरिनेछैन।

११५. के.आई.सिंह गाउँपालिकाको दुर्गामाण्डौ स्वास्थ्य चौकीमा डाक्टरबाट प्रदान गरिदै आएको चिकित्सकीय सेवालाई निरन्तरता दिईनेछ र आगामी आ.ब.२०७९।०८० मा विशेषज्ञता सहितको चिकित्सकिय सेवा सहितको स्वास्थ्य शिविर सन्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

११६. के.आई.सिंह गाउँपालिका भित्रका सम्पूर्ण ५ वर्ष मुनिका बालबालिकाहरुले पाउनुपर्ने राष्ट्रिय खोप तालिका अनुसारको खोप पाएको सुनिश्चितता गरि पूर्ण खोपयुक्त गाउँपालिका दिगोपना तथा प्रमाणिकरण गरिने निति लिईने छ।

११७. घरमा सुत्केरी हुने दरलाई शुन्य गर्दै संस्थागत सुत्केरी हुने दरलाई शत प्रतिशत पुर्याउने लक्ष्य लिईनेछ जसले गर्दा नवजात शिशु मृत्युदर र मातृ मृत्युदर घटाउन टेवा पुग्नेछ। त्यसका लागि महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

११८. प्रजनन स्वास्थ्य सेवालाई थप गुणस्तरिय र पहुँचयोग्य बनाई सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाईने छ र उक्त सेवालाइ ५ वटै स्वास्थ्य चौकीमा विस्तार गर्ने निति लिइनेछ । प्रजनन स्वास्थ्यलाइ प्रभावकारी बनाउन स्वास्थ्यकर्मीलाइ आवश्यक तालिम तथा उपकरणका लागि आवश्यक बजेट व्यवस्था मिलाइनेछ।

११९. सामूदिक विद्यालयका विद्यार्थिहरुको सम्बन्धित विद्यालयमा गइ वर्षमा १ पटक स्वास्थ्य परीक्षण गरिनेछ। स्वास्थ्य परीक्षणकै क्रममा विद्यार्थीहरुलाई जुकाको औषधि खुवाईनेछ।

१२०. कुपोषणको लाग्ने दरलाई कम गरि क्रमश पूर्ण पोषणयुक्त वडा बनाई आगामी वर्षहरुमा गाउँपालिका लाई समेत पूर्ण पोषणयुक्त गाउँपालका घोषणा गर्ने निति लिईनेछ।

१२१. के.आई. सिंह गाउँपालिका वडा नं. २ का तल्लो भेगका आमाहरुलाई प्रसुति सेवाको लागि तिखात्तर स्वास्थ्य चौकी आउदा जोखिम भइरहेको समस्यालाई मध्यनजर गर्दै दाडीमाटी सामुदायिक स्वास्थ्य इकाईमा एक्सटेन्डेट बर्थिङ्ग सेन्टरको स्थापना भएता पनि पर्याप्त भौतिक पुर्वाधारको अभाव भएकोले आगामी २ वर्षभित्र दाडीमाटी वा बड्कुडा तल्कोट क्षेत्रमा भौतिक पुर्वाधार निर्माण सम्पन्न गर्ने निति लिइनेछ। साथै वडा नम्बर १ र ०७ मा बर्थिङ्ग सेन्टर स्थापना गर्न आवश्यक पहल गरिनेछ।

१२२. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने निशुल्क औषधीहरु वर्षभरी अभाव हुन नदिने वातावरण बनाइनेछ।

१२३. गर्भवती महिलाहरुको स्वास्थ्य अवस्थामा ध्यान दिन ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम मासिक रुपमा प्रत्येक स्वास्थ्य संस्थाहरुबाट घुम्ती सेवा मार्फत संचालनका लागि व्यवस्था गरिनेछ।

१२४. जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य जाँच गर्न प्रत्येक वडाहरुमा घुम्ति स्वास्थ्य सेवा सन्चालन गरिनेछ।

**आयुर्वेद**

१२५. यस गाउँपालिकामा स्थापना भएको नागरिक आरोग्य सेवा केन्द्रलाई थप प्रभावकारी सुदृढ बनाउँदै लगिनेछ र उक्त सेवा केन्द्रबाट प्रवाह हुने सेवाका बारेमा जानकारी दिन सबै वडाहरुमा शिविरहरु सन्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२६. कोभिड-१९ लगायत अन्य रोग तथा महामारि सँग जुध्ने प्राकृतिक चिकित्सा प्रणालीको विकास गर्न यस गाउँपालिका क्षेत्रभित्र औषधीयुक्त जडिबुटीहरुको पहिचान र संकलन कार्यलाई प्रभावकारी बनाउँदै लगिनेछ।

१२७. आयुर्वेदिक सेवालाई प्रभावकारी बनाउन गाउँघरका बुद्धिजिवि, बैद्य, वन तथा वातावरण सँग विज्ञ व्यक्तिहरु सँग समन्वय र छलफल गर्ने नीति अवलम्बन गरिनेछ।

**संस्कृति प्रवर्द्धन**

१२८. के.आई.सिंह संग्रहालयमा प्रर्दशनका लागि राखिने सांस्कृतिक, ऐतिहासिक महत्वका कला संस्कृतिहरुको खोज, अनुसन्धानका लागि खोज, अध्ययन तथा संकलन समिति गठन गरिनेछ । खोज,अध्ययन तथा संकलनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१२९. के.आई.सिंह गाउँपालिकाको साँस्कृतिक रहनसहन, परम्परा, भेषभुषा तथा विशिष्टताहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ।

१३०. के.आई.सिंह गाउँपालिकाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुआयामिक विशेषताहरुको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ।

**महिला बालबालिका तथा सामाजिक समावेशीकरण**

१३१. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ।

१३२. महिला विरुद्धका सबै किसिमका हिंसा र विभेदलाई प्रभावकारी ढंगबाट अन्त्य गर्न, महिलाहरुको क्षमता विकास र अधिकारहरु सुनिश्चितताका लागि, छोराछोरी विचको विभेद, छाउपडि प्रथा, सुत्केरी अवस्थामा हुने दुर्व्यवहार जस्ता रुडीवादी परम्परा न्युनिकरणका लागि जनचेतनामुलक कार्यक्रम सन्चालन गरि महिलाहरुको सशक्तीकरण गर्न **महिलासँग उपाध्यक्ष** कार्यक्रमलाइ निरन्तरता दिइएको छ।

१३३. आपतकालिन महिला र बालबालिका उद्धार कोषको स्थापना गरिनेछ।

१३४. मानसिक तथा प्रजननसँग सम्बन्धित शारिरिक रोग भएका महिलाहरुको उपचारमा सहुलियत दिने निति अबलम्बन गरिनेछ।

१३५. ५० वर्ष माथिका पत्नी गुमाएका सामाजिक सुरक्षा भत्ता नपाउने पुरुषहरुलाई मासिक रु ५०० जिवन निर्वाह भत्ता उपलब्ध गराईने छ।

१३६. आमा र बुवा दुबै गुमाएका १६ वर्ष मुनिका बेसाहारा तथा टुहुरा बालबालिकाहरुलाई आधारभूत आश्यकताहरुको परिपूर्तिका लागि मासिक रु १००० जिवन निर्वाह भत्ता उपलब्ध गराईनेछ।

१३७. विभिन्न लक्षित वर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

१३८. यस गाउँपालिका क्षेत्रभित्रका महिला, दलित, लैगिंक तथा यौनिक अल्पसंख्यक तथा अन्य लोपोन्मुख र बञ्चितिकरणमा परेका नागरिकहरुको सशक्तिकरण र विकासको लागि आगामी आ.व मा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी रणनीति, २०७९ तर्जुमा गरी लागू गरिनेछ ।

१३९. महिला तथा बालबालिकामाथि हुने विभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ । बालश्रम शोषण, बहुविवाह र बालबिवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।

१४०. विगत आर्थकि वर्ष देखि सञ्चालन गर्दै आईएको अपाङ्गता परिचयपत्र वितरण कार्यक्रमलाई आगामी आर्थिक वर्षमा झन सघन र प्रभावकारी ढंगले प्रत्येक वडा कार्यालयमा सञ्चालन गरिनेछ ।

१४१. अपाङ्गता तथा फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी सार्वजनिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि गाउँपालिकाबाट आवश्यक कार्यक्रम तर्जूमा गरी कार्यान्यवन गरिनेछ ।

**सरकारी तथा गैरसरकारी संघ संस्था सम्वन्धी नीतिः**

१४२. एकद्वार प्रणाली मार्फत गैरसरकारी संस्थाहरुलाई यस गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैरसरकारी संघसंस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघसंस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र कार्यपालिकाको कार्यालयमा एक गैरसरकारी संघसंस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

१४३. के.आई.सिंह गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

**खेलकूद तथा मनोरञ्जन**

१४४. गाउँपालिका स्तरको एक आधुनिक के.आई.सिंह खेलमैदान निर्माणका लागी सुदुरपश्चिम प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय गरी आवश्यक बजेटको व्यवस्थापन गर्न अनुरोध गरिनेछ ।

१४५. के.आई.सिंह गाउँपालिकामा विभिन्न प्रकारका खेलकूद क्रियाकलापको विकास गरी युवाहरुलाई खेलकुदमा आकर्षण गर्नका लागी वार्षिक रुपमा के.आई.सिंह गेम्स (**K.I. Singh** Games) को आयोजना गरिनेछ । के.आई.सिंह गेम्स आयोजना गर्न उद्यमी, व्यवसायी, संघसंस्थाहरु, आयोजक, सह-आयोजक, प्रायोजकहरुसँग समन्वय गरिनेछ ।

**संस्थागत विकास तथा सेवा प्रवाह**

**मानव संशाधन विकास**

१४६. एक आर्थिक वर्षमा कार्य विवरण अनुरुप तोकिएको समय र मापदण्ड अनुसार कार्य सम्पादन गरि गाउँपालिकाको विकासको लागि उत्कृष्ट कार्य गर्ने राष्ट्सेवक कर्मचारीहरुलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ र त्यसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१४७. कर्मचारीको उच्च मनोबलका लागि कर्मचारी कल्याणकारी कोषको व्यवस्था गरि बजेट व्यवस्थापन गर्ने नीति लिईनेछ ।

१४८. यस गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको उच्च मुल्यांकन गर्दै तलबमानमा बृदी गर्ने निति लिइएको छ।

१४९. आन्तरिक तथा अन्तिम लेखा परिक्षणले औंल्याएका बेरुजुहरुलाई फछयौट गरि शुन्य बेरुजु को नीति अवलम्वन गरिनेछ।

१५०. सार्वजनिक सरोकारका कार्यालयहरुमा बन्ने नयाँ संरचनाहरमा अनिवार्य स्तनपान कक्षको स्थापना गर्नुपर्ने मापदण्ड कडाइका साथ लागु गरिनेछ।

१५१. स्थानिय शान्ति सुरक्षा र अमनचयन कायम राख्न भुमिराजमाण्डौ र तिखात्तरमा अस्थायी प्रहरी विट राख्नका लागि संघिय सरकार र प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ।

१५२. विद्युतीय सुशासन प्रणाली (e-governance system) मार्फत गाउँपालिकाको क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारबाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास, पुर्वाधार निर्माण जस्ता कार्यहरुको व्यवस्था गर्न बजेट व्यवस्था गरिनेछ।

१५३. सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवा लक्षित सेवा, सुविधा र रोजगार लगायतका अवसरहरुमा वृद्धि गर्दै पलायन हुनबाट जोगाउन विभिन्न किसिमका क्षमता विकास तथा आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्न रोजगार सूचना केन्द्र स्थापना सम्बन्धमा आवश्यक कदम बढाइनेछ।

१५४. डिजिटल नागरिक बडापत्रको निर्माण गरी बडापत्रमा सार्वजनिक निकायबाट प्रवाह गरिने सबै सेवाहरुको लागत, समय, प्रक्रिया, सम्बन्धित अधिकारी र गुनासो सुनुवाई गर्ने प्रक्रियालाई निरन्तर अद्यावधिक गरि सबै वडाहरुमा विस्तार गरिनेछ।

१५५. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता चालू प्रकृतिका प्रशासनिक खर्चमा कटौती गर्दै पूजिगत खर्चमा बढोत्तरी गर्ने नीति लिईनेछ। साथै चालु खर्च सम्बन्धि कार्यविधि तयार गरि सो खर्चमा नियन्त्रण गर्ने निति लिइनेछ।

१५६. गाउँपालिकामा हुने सबै प्रकारका आर्थिक कारोबारलाई बैंकिङ प्रणालीमा आवद्ध गरी शून्य नगद कारोबारलाई लागु गरिनेछ। सामाजिक सुरक्षा भत्ता बैंकबाट वितरण भइ रहेकोमा यसलाइ थप प्रभावकारी बनाउदै लगिनेछ।

१५७. करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ। यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार नीजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघ संस्थाहरु समेतको सहभागिता र समन्वयमा अनुगमन तथा सञ्चालन गरिनेछ।

१५८. के.आई.सिंह गाउँपालिकाको सुशासन नीति र सामाजिक जवाफदेहिताका औजारहरु (सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण) कार्यविधिहरुको पूर्ण पालना गरी गाउँपालिकालाई सुशासन र सूचना मैत्री गाउँपालिकाको रुपमा परिचित गराई उक्त कार्य गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१५९. यस गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधाहरुको प्रगति तथ्यांक मासिक र त्रैमासिक प्रतिबेदनहरु गाउँपालिकाको वेभसाईटमा राखिने छ।

१६०. गाउँपालिकाबाट प्रबाह हुने सेवा प्रवाहलाई अझ बढी खुला पारदर्शि र जनमैत्री बनाउन आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गरि झन प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ।

१६१. के.आई.सिंह गाउँपालिकाबाट सन्चालित योजना तथा कार्यक्रमहरुलाइ थप व्यवस्थित बनाउनका लागि टोल विकास संस्था गठन एवम परिचालन सम्बन्धि कार्यविधि बनाइ कार्यान्वयन गर्ने निति लिइनेछ।

अन्तमा, अब के.आई.सिंह गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका विकासमा निरन्तर सहयोग पुर्याउन नेपाल सरकार, सुदुरपश्चिम प्रदेश सरकार, सबै करदाता र राष्ट्रिय र अन्तराष्ट्रिय विकास साझेदारहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै यो नीति तथा कार्यक्रम तर्जुमामा मार्ग निर्देशन गर्नुहुने गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरु, प्रमुख प्रशासकिय अधिकृत, यस गाउँपालिकाका विषयगत शाखाका प्रमुखहरु तथा समग्र कर्मचारीहरु, विभिन्न राजनैतिक दलका प्रमुख एवम प्रतिनिधिहरु एवम सम्पुर्ण सरोकारवालाहरुले दिनुभएको सुझावलाइ पनि स्मरण गर्ने प्रयास गरेको छु । निती तथा कार्यक्रम र बजेट छलफलका क्रममा आ-आफ्नो तर्फबाट सहयोग पुर्याउने गाउँपालिकाका सम्पुर्ण जननिर्वाचित पदाधिकारीहरु, शिक्षक, समाजसेवी, बुद्दीजिवि, पत्रकार,राजनितिक दलका प्रमुख एवम प्रतिनिधिहरु, यस गाउँपालिकामा अहोरात्र खटिइ गाउँ सभालाइ सफल पार्नुहुने कर्मचारीहरु, अर्थविद् मित्रहरु, सुरक्षा निकायका कर्मचारीहरु र यस गाउँपालिकामा रहनु भएका सम्पुर्ण आमाबुबा, दाजुभाइ तथा दिदिबहिनीहरुलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दै नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै पक्षको पुर्ण सहयोग रहनेछ भन्ने पुर्ण अपेक्षा लिएको छु ।

**धन्यवाद**